सबैला नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

मधेश प्रदेश,नेपाल

प.सं. २०७८।०७९
च.नं. १२०८

मिति : २०७९।०२।२७

**विषय : नगर सभाको बैठकमा उपस्थित हुने सूचना ।**

श्री नगर उपप्रमुखज्यू,
श्री वडा अध्यक्षज्यूहरु(१-१३)
श्री सम्पूर्ण नगर सदस्यज्यूहरु
सबैला नगरपालिका, धनुषा ।

प्रस्तुत विषयमा यस सबैला नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९।०२।२७ गतेको निर्णय अनुसार सातौं नगरसभा देहायको मिति, समय र स्थानमा सम्पन्न हुने भएकाले यहाँको सार्थक सहभागीताका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ को उपदफा (४) वमोजिम श्रीमान् नगरप्रमुखज्यूको निर्देशानुसार अनुरोध छ । कार्यतालिका यसैसाथ संलग्न छ।

**दैनिक कार्यसूची**

बैठक स्थान : मा.वि. ठिल्ला, सबैला

बैठक संख्या १
अध्यक्षता : **नगर प्रमुख श्री कारीराम यादव**

| बैठक बस्ने | | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| मिति | समय | | | |
| २०७९।०३।१० | दिनको ११:३० बजे | १.आ.व. ०७९।०८०को नीति तथा कार्यक्रम प्रस्तुत<br>२. आगामी आ.व. २०७९।०८० को आय र व्यय (बजेट) पेश हुने<br>३. बजेट माथि छलफल<br>४. आर्थिक विधेयक, २०७९ पेश हुने, छलफल हुने र निर्णय हुने<br>५. विनियोजन विधेयक, २०७९ पेश हुने, छलफल हुने र निर्णय हुने | प्रमुख<br>उपप्रमुख वा<br>का.पा. सदस्य | |
| सभाको अन्य बैठक र सोको कार्यसूची सभाआफैले निर्धारण गरे वमोजिम हुने । | | | | |

**बोधार्थ तथा अवगतार्थः**
श्री नगर प्रमुखज्यू, सबैला न.पा. धनुषा ।
श्री सूचना शाखा: वेवसाईटमा अपलोड गरिदिने ।

.....................................
सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

मधेश प्रदेश,नेपाल

२०७३

प.सं. २०७८।०७९

च.नं. १२०१

मिति : २०७९।०२।२७

**विषय : सातौ नगरसभाको तयारी बारे।**

श्री राजश्व परामर्श समिति

श्री श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति

श्री बजेट तथा कार्यक्रम तर्जुमा समिति

श्री सबै वडा कार्यालयहरु

श्री सबै विषयगत शाखाहरु/समितिहरु, अन्य समेत

प्रस्तुत विषयमा यस नगरकार्यपालिकाको मिति २०७९।०२।२७ गतेमा बसेको कार्यपालिकाको बैठकको निर्णय अनुसार आर्थिक वर्ष २०७९।०८० को बजेट तथा कार्यक्रम तर्जुमा (राजश्व र व्ययको अनुमान) गरी कार्यपालिकाको बैठकबाट स्वीकृत गराई २०७९ असार १० गते भित्र नगरसभामा पेश गर्नुपर्ने प्रावधान अनुसार निम्नानुसार निर्धारित समय सिमाभित्रआ-आफ्नो समिति तथा विषयगत शाखा (स्वास्थ्य, शिक्षा, कृषि, पशु आदि)हरुको बजेट तर्जुमा सम्बन्धीकार्य प्रारम्भ गर्नुगराउनु हुन सादर अनुरोध छ।

**बजेट तथाकार्यक्रमतर्जुमा चरणहरु**

| सि. नं. | कार्यक्रम विवरण | मिति | | कार्यान्वयन स्थान |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १. | संघबाट वित्तीय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने | | | प्राप्त भएको |
| २ | प्रदेश वित्तीय अनुदान अनुमानित विवरण एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने | | | प्राप्त नभएको |
| ३ | स्थानीय राजश्व परामर्श समितिले गर्नुपर्ने (आय अनुमान) बजेट सम्बन्धि कार्यहरुको बैठक | २०७९।०२।२७ | | उपप्रमुख/ सबैला .न.पा. |
| ४ | श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले बजेट तर्जुमा सम्बन्धि कार्यहरु | २०७९।०२।२७ | | प्रमुख/ सबैला .न.पा. |
| ५. | सबै वडा कार्यालयहरु (बस्ती/बस्ती, गाउँ टोलबाट योजना संकलन छनौट गरी वडा समितिबाट प्राथमिकिकरण निर्णय गरी कार्यपालिकामा पेश गर्ने | २०७९।०२।२८ | २०७९।०२।३० | सबै वडा कार्यालय, गाउँ, टोल बस्ती |
| ६ | बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नुपर्ने बजेट तर्जुमा सम्बन्धी कार्यहरु (एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा) | २०७९।०२।३१ | | सबैला .न.पा. |
| ७ | सबै विषयगत शाखाहरु (गाउँ स्वास्थ्य समिति, गाउँ शिक्षा समिति तथा अन्य) ले बजेट तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने | २०७९।०२।३१ | | |
| ८ | विधायन समितिको बैठक | २०७९।०३।१ | | |
| ९ | मटिहानी नगरकार्यपालिकाको उपरोक्त समिति, वडा कार्यालयहरु, विषयगत शाखाहरुबाट प्राप्त बजेट तर्जुमा सम्बन्धी प्रतिवेदन माथि छलफल गरी नीति तथा कार्यक्रम बनाई बजेट तथा कार्यक्रम तर्जुमा गरी (राजश्व र व्ययको अनुमान) पारितको लागि नगर कार्यपालिकाममा छलफल तथा निर्णय | २०७९।०३।०४ गते दिनको १:३० बजे | | सबैला .न.पा. |
| १० | नगरसभा प्रारम्भ बजेट तथा कार्यक्रम माथि छलफल तथा स्वीकृत | २०७९।०३।१० गते दिनको ११:३० बजे देखि | | मा.वि. ठिल्ला सबैला |
| ११ | नगरसभाबाट वार्षिक बजेट तथा कार्यक्रम स्वीकृती | २०७९।०३।२४ दिनको ११:३० बजे देखि | | सबैला न.पा. |

कारी राम यादव

नगर प्रमुख

**बोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ।

श्री मुख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम।

श्री जिल्ला प्रशासन कार्यालय, धनुषा।

श्री प्रशासन, योजना तथा अनुगमन शाखा।

श्री आर्थिक प्रशासन शाखा/प्राविधिक शाखा/जिन्सी शाखा/शाखाहरु सबै सबैला नगरपालिका।

श्री सूचना प्रविधि शाखा : वेवसाइटमा अपलोड गर्नुहुन।

कारीराम यादव
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned By Camera Scanner

# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा

मधेश प्रदेश,नेपाल

(छाप: सबैला नगरपालिका नगर कार्यपालिकाको कार्यालय सबैला, धनुषा २०७३)

मिति : २०७९।०२।२७

प.सं. २०७८।०७९
च.नं. १२८९

**विषय : सातौ नगरसभाको तयारी बारे ।**

श्री सबै वडा कार्यालयहरु (१-१३)
श्री सबै शाखाहरु, सबैला नगरपालिका
श्री सबैला नगरपालिका भित्र रहेका र सबैला नगरपालिका भित्र काम गर्न ईच्छुक सबै गैर सरकारी संघ संस्था उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामूदायिक संघसंस्थाहरु ।

प्रस्तुत विषयमा यस सबैला नगरपालिकाको आगामी आर्थिक वर्ष ०७९।०८० को बजेट तथा कार्यक्रम तर्जुमा गर्नको लागि सातौ नगरसभा निम्न कार्यक्रम अनुसार यहि २०७९।०३।०९ गते विहिवार दिनको ११:३० बजे देखि प्रारम्भ हुन भएकोले निम्न तालिका अनुसार हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा लगायतका कार्यमा सहयोग गरिदिनु हुन र चालु आ.व.को कार्यक्रम, हाल सम्मको प्रगति विवरण बजेट खर्च हिसाब तथा आगामी आ.व ०७९।०८० को लागि वडास्तरीय नगरस्तरीय र शाखागत सञ्चालन हुने कार्यक्रम तथा बजेट तयार गरी पेश गर्नुहुन कार्यपालिकको मिति २०७९।०२।२७ गतेको बैठकको निर्णय प्रतिलिपी समेत यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**बजेट तथाकार्यक्रमतर्जुमा चरणहरु**

| सि. नं. | कार्यक्रम विवरण | मिति | | कार्यान्वयन स्थान |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १. | संघबाट वित्तीय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने | | | प्राप्त भएको |
| २ | प्रदेश वित्तीय अनुदान अनुमानित विवरण एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने | | | प्राप्त नभएको |
| ३ | स्थानीय राजश्व परामर्श समितिले गर्नुपर्ने (आय अनुमान) बजेट सम्बन्धि कार्यहरुको बैठक | २०७९।०२।२७ | | उपप्रमुख/ सबैला .न.पा. |
| ४ | श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले बजेट तर्जुमा सम्बन्धि कार्यहरु | २०७९।०२।२७ | | प्रमुख/ सबैला .न.पा. |
| ५. | सबै वडा कार्यालयहरु (बस्ती/बस्ती, गाउँ टोलबाट योजना संकलन छनौट गरी वडा समितिबाट प्राथमिकिकरण निर्णय गरी कार्यपालिकामा पेश गर्ने | २०७९।०२।२८ | २०७९।०२।३० | सबै वडा कार्यालय, गाउँ, टोल बस्ती |
| ६ | बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नुपर्ने बजेट तर्जुमा सम्बन्धी कार्यहरु (एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा) | २०७९।०२।३१ | | सबैला .न.पा. |
| ७ | सबै विषयगत शाखाहरु (गाउँ स्वास्थ्य समिति, गाउँ शिक्षा समिति तथा अन्य) ले बजेट तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने | २०७९।०२।३१ | | |
| ८ | विधायन समितिको बैठक | २०७९।०३।१ | | |
| ९ | सबैला नगरकार्यपालिकाको उपरोक्त समिति, वडा कार्यालयहरु, विषयगत शाखाहरुबाट प्राप्त बजेट तर्जुमा सम्बन्धी प्रतिवेदन माथि छलफल गरी नीति तथा कार्यक्रम बनाई बजेट तथा कार्यक्रम तर्जुमा गरी (राजश्व र व्ययको अनुमान) पारितको लागि नगर कार्यपालिकाममा छलफल तथा निर्णय | २०७९।०३।०४ गते दिनको १:३० बजे | | सबैला .न.पा. |
| १० | नगरसभा प्रारम्भ बजेट तथा कार्यक्रम माथि छलफल तथा स्वीकृत | २०७९।०३।१० गते दिनको ११:३० बजे देखि | | मा.वि. ठिल्ला सबैला |
| ११ | नगरसभाबाट वार्षिक बजेट तथा कार्यक्रम स्वीकृती | २०७९।०३।२४ दिनको ११:३० बजे देखि | | नगर कार्यपालिकाको कार्यालय, सबैला |

..............................
[illegible] कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

(छाप: प्रमुख प्रशासकीय अधिकृत)

बोधार्थ:
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।
श्री मुख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम ।
श्री जिल्ला प्रशासन कार्यालय, धनुषा ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, धनुषा ।
श्री नगर प्रमुख/उपप्रमुख/कार्यपालिका सदस्यज्यूहरु,
श्री सूचना प्रविधि शाखा : वेबसाइट, फेसबुकमा अपलोड गरी इमेल गर्नुहुन ।

Scanned By Camera Scanner

**बैठकका विषयसूचीहरु:**

१. वडागत बजेट सिलिङ्ग निर्धारण गर्ने सम्बन्धमा ।

२. आगामी आ.व. ०७९।०८० को बजेट तथा कार्यक्रम तर्जुमाका चरणहरु सम्बन्धमा ।

३. बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन सम्बन्धमा ।

**बैठकका निर्णयहरु:**

**निर्णय नं. १**

यस सबैला नगरपालिकाको आगामी आ.व. २०७९।०८० का लागि वडा गत बजेट सिलिङ्ग तथा मार्गदर्शन देहाय वमोजिम निर्धारण गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

**बजेट सिलिङ्ग तथा मार्गदर्शन**

चालु आ.व. ०७९।०८० को वडास्तरबाट छनौट हुने आयोजना तथा कार्यक्रमहरुको मार्गदर्शन देहाय वमोजिम हुनेछ ।

क. यसमा वडा कार्यालय सन्चालनको लागि प्रत्यके वडालाई चालु खर्च तर्फ मासिक **रु.२५ हजारका दरले वार्षिक रु.३ लाखको बजेट सिलिङ्ग** निर्धारण गरिएको छ । जसलाई विभिन्न उपशिर्षकहरुमा विभाजन गरिनुपर्नेछ । नगरसभाबाट स्वीकृत भएपछि अनिवार्य रुपमा जुन जुन शिर्षक वा उपशिर्षकमा बजेट स्वीकृत भएको हो सोको सिमा भित्र अनिवार्य रुपमा रह ीआ.व. ०७९।०८० का लागि खर्च गर्नुपर्नेछ। खर्च गर्दा निम्नानुसारको बील भर्पाई समेत पेश गर्नुपर्ने छ । यसमा भाडामा घर लिएको वडाको लागि घरभाडा र साबिकमा कर्मचारीका लागि मुख्य कार्यालयबाट भुक्तानी दिईनेछ ।

ख. पूँजीगत तर्फ आयोजा छनौट र प्राथमिकीकरण गर्दा लिईनु पर्ने आधारहरु:

१. आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ।

२. स्थानीय नागरिकको आवश्यकता र माँगलाई सम्बोधन हुने ।

३. जनताको जीवनस्तरमा प्रत्यक्ष फाईदा भई आम्दानी र रोजगारी बढ्ने ।

४. स्थानीय नागरिकहरुको सहभागिता जुट्ने ।

५. स्थानीय साधान श्रोतको उपयोग हुने खालका ।

६. महिला बालबालिका तथा पिछडिएको वर्ग क्षेत्र समुदायलाई लभ पुग्ने ।

७. शैक्षिक समानता र सामाजिक समावेशीकरणकमा सहयोग पुग्ने ।

८. दिगो विकास, वातावरण संरक्षण, पर्यटन प्रवर्द्धनलाई सघाउ पुर्‍याउने ।

९. ऐतिहासिक भाषा संस्कृतिको जगेर्नामा सहयोग पुग्ने ।

**ख.१. पूर्वाधार विकास तर्फ :**

१. वडास्तरीय साना **पूर्वाधार विकासका लागि रु. २० लाख**को बजेट सिलिङ्ग निर्धारण गरिएको छ । तोकिएको बजेट सिलिङ्गको अधिनमा रही बढीमा २ वटा आयोजना छनौट गर्न सकिनेछ । सोबाट संचालन हुने प्रति अयोजना न्यूनतम रु.५ लाख बराबरका हुनुपर्नेछ । यस प्रकारका आयोजना छनौट गर्दा नाला, भवन, कम्पाउण्डवाल, पोखरी जस्ता पूर्वाधार र नयाँ सडकहरुको ट्रयाक खोल्ने तथा सडक विस्तार लगायतका आयोजना छनौट गर्न सकिनेछ ।

२. सानातिना मर्मत सम्भारका लागि **प्रति वडा रु.५ लाख बजेट सिलिङ्ग** निर्धारण गरिएको छ । सो बजेटको सिमामा रही मर्मत सम्भार तथा पूर्वाधार विकासका आयोजनाहरुमा खर्च गर्नका लागि प्रति आयोजना न्यूनतम रकम र आयोजनाको संख्या तोकिएको छैन । तर यस प्रकारका आयोजना छनौट गर्दा नागरिक आवश्यकता र बजेटको प्रभावकारितालाई समेत मध्यनजर गरी पूर्वाधार विकासमा जोड दिनुपर्नेछ ।

३. ठूला पूर्वाधार विकासका लागि सामान्यतया **१ वडा १ आयोजना पर्ने गरी रु.१५ लाख सिलिङ्ग** निर्धारण गरिएको छ । उल्लेखित बजेट सिलिङ्गबाट जनसहभागिता बाहेकको पूर्वाधार खडा हुने नाला सहितको एउटा सडक वा अन्य आवश्यकता अनुसारको योजना हुनुपर्नेछ ।

Scanned By Camera Scanner

४. कृषि सिंचाई तथा कुलो निर्माण वा स्थानीय आवश्यकताको अन्य विकासका लागि सिलिङ्ग **निर्धारण भएको बजेट रु.५ लाख** रहेको छ । यसमा कृषि, कृषिका लागि सिंचाई, कुलो, पैनी, बाँध निर्माणमा खर्च गरी कृषिलाई उद्यमको रुपमा विकास गर्ने तर्फ जोड दिने गरी आयोजना छनौट गर्नुपर्नेछ । उल्लेखित शिर्षकमा खर्च गर्ने गरी आयोजना छनौट हुने अवस्था नभए कृषि, सिंचाई, कुलो, पैनी सम्म पुग्ने पहुँच मार्ग र कृषकलाई प्रत्यक्ष फाईदा पुग्ने वा कृषि उपजको बजारिकरणमा सहयोग पुग्ने कृषि सडकहरुमा समेत बजेट खर्च गर्ने गरी आयोजनाहरु छनौट गर्न सकिने छ । बढीमा २ वडा आयोजना छनौट गर्नुपर्नेछ ।

५. विद्यालय क्षेत्र प्रवर्द्धन कार्यक्रमका **लागि रु.५ लाख बजेट सिलिङ्ग** निर्धारण गरिएको छ । उल्लेखित बजेट उल्लेखित बजेट शिक्षक विद्यार्थीको अनुपातका आधारमा पूर्वाधार निर्माण, शौचालय निर्माण, कम्पाउण्डवाल, गेट निर्माण, कम्प्युटर, पंखा विजुली, खानेपानी, सौर्य उर्जा, बत्ती जडान, ई लाईब्रेरी लगायत पूँजीगत प्रकृतिका आयोजनामा खर्च गर्न गर्ने गरी आयोजना छनौट गर्नुपर्ने छ । यस्तो रकम चालु प्रकृतिका, (धरौटी, पानी विजुली महसुल, जग्गा खरिद आदि) काममा खर्च गर्न पाईने छैन ।

६. आवश्यकता अनुसारको अन्य योजना तथा कार्यक्रमको लागि सम्बन्धित वडामा विनियोजन भएको बजेट सिलिङ्गबाट बाँकी रहेको बजेट आवश्यकता अनुसार बाँडफाँड गर्न सकिनेछ ।

**ख २ सामाजिक विकास**

१. सम्बन्धित शिर्षकहरुबाट खर्च हुने गरी आयोजना छनौट गर्न विनियोजन भएको बजेट सम्बन्धित सरोकारवालाहरुको प्रत्यक्ष सहभागीता हुने सुनिश्चित भएका वडा भित्रका सिमान्तकृत अल्पसंख्यक समुदायलाई प्रत्यक्ष फाईदा पुग्ने उनीहरुकै सहभागितामा संचालन हुने आयोजनाहरु छनौट गर्नु पर्नेछ।

**ग. जनश्रमदान सम्बन्धमा मार्गदर्शन :**

१. पूर्वाधारका विकास निर्माण तर्फ जनश्रमदान कुल लागत अनुमानको न्यूनतम १० प्रतिशत हुनुपर्नेछ ।

२. सिमान्तकृत समुह वसोवास गर्ने वा विशेष प्रकृतिका क्षेत्रहरुबाट आयोजना छनौट गरी आएको खण्डमा तोकिएको मापदण्डको अधिनमा रही जनश्रमदान हुन नसक्ने पर्याप्त र ठोस आधार देखिएमा नगरपालिकाले न्यूनतम ५ प्रतिशत भन्दा कम नहुने गरी जनश्रमदानको लागत निर्धारण गर्नेछ ।

**निर्णय नं. २**

यस सबैला नगरपालिकाको आगामी आ.व. २०७९।०८० का लागि बजेट तथा कार्यक्रम तर्जुमा चरणहरु तथा वडागत भेला देहाय वमोजिम सम्पन्न गर्ने निर्णय सर्वसम्मतीबाट गरियो ।

**बजेट तथा कार्यक्रम तर्जुमा चरणहरु:**

| सि. नं. | कार्यक्रम विवरण | मिति | | कार्यान्वयन स्थान |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १. | संघबाट वित्तीय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने | | | प्राप्त भएको |
| २ | प्रदेश वित्तीय अनुदान अनुमानित विवरण एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने | | | प्राप्त नभएको |
| ३ | स्थानीय राजश्व परामर्श समितिले गर्नुपर्ने (आय अनुमान) बजेट सम्बन्धि कार्यहरुको बैठक | २०७९।०२।२७ | | उपप्रमुख/ सबैला .न.पा. |
| ४ | श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले बजेट तर्जुमा सम्बन्धि कार्यहरु | २०७९।०२।२७ | | प्रमुख/ सबैला .न.पा. |
| ५. | सबै वडा कार्यालयहरु (बस्ती/बस्ती, गाउँ टोलबाट योजना संकलन छनौट गरी वडा समितिबाट प्राथमिकिकरण निर्णय गरी कार्यपालिकामा पेश गर्ने | २०७९।०२।२८ | २०७९।०२।३० | सबै वडा कार्यालय, गाउँ, टोल बस्ती |
| ६ | बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नुपर्ने बजेट तर्जुमा सम्बन्धी कार्यहरु (एकिकृत बजेट तथा कार्यक्रम | २०७९।०२।३१ | | सबैला .न.पा. |

| | | | |
|---|---|---|---|
| | तर्जुमा) | | |
| ७ | सबै विषयगत शाखाहरु (गाउँ स्वास्थ्य समिति, गाउँ शिक्षा समिति तथा अन्य) ले बजेट तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने | २०७९।०२।३१ | |
| ८ | विधायन समितिको बैठक | २०७९।०३।१ | |
| ९ | सबैला नगरकार्यपालिकाको उपरोक्त समिति, वडा कार्यालयहरु, विषयगत शाखाहरुबाट प्राप्त बजेट तर्जुमा सम्बन्धी प्रतिवेदन माथि छलफल गरी नीति तथा कार्यक्रम बनाई बजेट तथा कार्यक्रम तर्जुमा गरी (राजश्व र व्ययको अनुमान) पारितको लागि नगर कार्यपालिकाममा छलफल तथा निर्णय | २०७९।०३।०४ गते दिनको १:३० बजे | सबैला .न.पा. |
| १० | नगरसभा प्रारम्भ बजेट तथा कार्यक्रम माथि छलफल तथा स्वीकृत | २०७९।०३।१०गते दिनको ११:३० बजे देखि | मा.वि. ठिल्ला सबैला |
| ११ | नगरसभाबाट वार्षिक बजेट तथा कार्यक्रम स्वीकृती | २०७९।०३।२४ दिनको ११:३० बजे देखि | नगर कार्यपालिकाको कार्यालय, सबैला |

## वडा भेलाको कार्यतालिका

| सि.नं. | सबैला नगरपालिका वडा कार्यालय | वस्ती / टोल स्तरबाट योजना छनौट हुने मिति | स्थान | समय | कार्यान्वयन (जिम्मेवारी) |
|---|---|---|---|---|---|
| १ | १ नं. वडा कार्यालय, सबैला | २०७९।०२।२८ | सबैला | दिनको १:०० बजे | प्रमुख, उपप्रमुख, वडा समिति, वडा सचिव |
| २ | २ नं. वडा कार्यालय, सबैला | २०७९।०२।२९ | सबैला | दिनको १:०० बजे | " " |
| ३ | ३ नं. वडा कार्यालय, सबैला | २०७९।०२।३० | सबैला | दिनको १:०० बजे | " " |
| ४ | ४ नं. वडा कार्यालय, सबैला | २०७९।०२।२८ | कोठिया | दिनको १:०० बजे | कार्यपालिका सदस्य श्री निर्मला परियार, वडा समिति, वडा सचिव |
| | | २०७९।०२।२८ | बल्टिया | दिनको १:०० बजे | " " |
| | | २०७९।०२।२९ | जरहिया | दिनको १:०० बजे | " " |
| | | २०७९।०२।२९ | पर्साही | दिनको १:०० बजे | " " |
| | | २०७९।०२।३० | पठेर्वा | दिनको १:०० बजे | " " |
| ५ | ५ नं. वडा कार्यालय, सबैला | २०७९।०२।३० | मखनाहा | दिनको १:०० बजे | कार्यपालिका सदस्य श्री लखिचन दास, वडा समिति, वडा सचिव |
| ६ | ६ नं. वडा कार्यालय, सबैला | २०७९।०२।२९ | गोविन्दपुर | दिनको १:०० बजे | कार्यपालिका सदस्य श्री वैद्यनाथ महतो, वडा समिति, वडा सचिव |
| ७ | ७ नं. वडा कार्यालय, सबैला | २०७९।०२।२८ | मटही | दिनको १:०० बजे | कार्यपालिका सदस्य श्री लखिचन दास, वडा समिति, वडा सचिव |
| | | २०७९।०२।२९ | चौरिया मटही | दिनको १:०० बजे | " " |
| | | २०७९।०२।३० | नवटोली | दिनको १:०० बजे | " " |
| ८ | ८ नं. वडा कार्यालय, सबैला | २०७९।०२।२८ | ठिल्ला यदुवा | दिनको १:०० बजे | उपप्रमुखश्री रहिमा खातुन, वडा समिति, वडा सचिव |
| ९ | ९ नं. वडा कार्यालय, सबैला | २०७९।०२।२८ | सतोषर | दिनको १:०० बजे | नगर प्रमुख श्री कारीराम यादव, वडा समिति, वडा सचिव |
| | | २०७९।०२।२९ | भटिहन | दिनको १:०० बजे | " " |
| | | २०७९।०२।३० | कोल्हुवा | दिनको १:०० | " " |

Scanned By Camera Scanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मोड | बजे | |
| १० | १० नं. वडा कार्यालय, सबैला | २०७९।०२।२८ | सिमराढी गढी | दिनको १:०० बजे | उपप्रमुखश्री रहिमा खातुन, वडा समिति, वडा सचिव |
| | | २०७९।०२।२९ | खरिहानी | दिनको १:०० बजे | " " |
| | | २०७९।०२।२९ | मिसरपट्टी | दिनको १:०० बजे | " " |
| | | २०७९।०२।२९ | अमरखाना | दिनको १:०० बजे | " " |
| | | २०७९।०२।२९ | गेरुवाही | दिनको १:०० बजे | " " |
| ११ | ११ नं. वडा कार्यालय, सबैला | २०७९।०२।२९ | इनर्वा | दिनको १:०० बजे | प्रमुख, उपप्रमुख, वडा समिति, वडा सचिव |
| १२ | १२ नं. वडा कार्यालय, सबैला | २०७९।०२।२८ | रघुनाथपुर | दिनको १:०० बजे | प्रमुख, उपप्रमुख, वडा समिति, वडा सचिव |
| | | २०७९।०२।२९ | टोकी | दिनको १:०० बजे | " " |
| | | २०७९।०२।३० | खैरबोना | दिनको १:०० बजे | " " |
| १३ | १३ नं. वडा कार्यालय, सबैला | २०७९।०२।२८ | रघुनाथपुर | दिनको १:०० बजे | प्रमुख, उपप्रमुख, वडा समिति, वडा सचिव |
| | | २०७९।०२।२८ | पर्साही | दिनको १:०० बजे | " " |
| | | २०७९।०२।२९ | किरतपुर | दिनको १:०० बजे | " " |
| | | २०७९।०२।३० | ढोलबाजा | दिनको १:०० बजे | " " |

Scanned By Camera Scanner